# कविलासी नगरपालिका

## कविलासी, सर्लाही

## नगर कार्यपालिकाको बैठक पुस्तिका

बैठक संख्याः

बैठक मिति २०७८।०२।२१

आज मिति २०८० साल जेष्ठ २१ गते आइतबार दिन बिहान ८:०० बजे कविलासी नगरपालिका, नगर कार्यपालिकाका प्रमुख श्री ब्रह्मदेव रायज्यूको अध्यक्षता एंव निम्न उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

| सि.नं. | पद | पदाधिकारीको नाम, थर | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | नगर प्रमुख | श्री ब्रह्मदेव राय | नगर कार्यपालिका | |
| २ | नगर उप-प्रमुख | श्री पुनम कर्ण | नगर कार्यपालिका | |
| ३ | वडा अध्यक्ष | श्री दिपलाल यादव | वडा नं. १ | |
| ४ | वडा अध्यक्ष | श्री राम पुकार मण्डल | वडा नं. २ | |
| ५ | वडा अध्यक्ष | श्री राम बिश्वास रायं | वडा नं. ३ | |
| ६ | वडा अध्यक्ष | श्री गिरधारी राय | वडा नं. ४ | |
| ७ | वडा अध्यक्ष | श्री सुरेन्द्र राय | वडा नं. ५ | |
| ८ | वडा अध्यक्ष | श्री पुरुषोत्तम राय | वडा नं. ६ | |
| ९ | वडा अध्यक्ष | श्री धरबेन्द्र राय यादव | वडा नं. ७ | |
| १० | वडा अध्यक्ष | श्री बिरेन्द्र प्रसाद साह | वडा नं. ८ | |
| ११ | वडा अध्यक्ष | श्री राम दिनेश राय | वडा नं. ९ | |
| १२ | वडा अध्यक्ष | श्री संजय महतो | वडा नं. १० | |
| १३ | का.पा. सदस्य | श्री पानवती देवी मुखिया | नगर कार्यपालिका | पानपती |
| १४ | का.पा. सदस्य | श्री रिना कुमारी | नगर कार्यपालिका | रिना |
| १५ | का.पा. सदस्य | श्री शोभा कुमारी | नगर कार्यपालिका | |
| १६ | का.पा. सदस्य | श्री निलम देवी | नगर कार्यपालिका | |
| १७ | का.पा. सदस्य | श्री ईंकु कुमारी | नगर कार्यपालिका | |
| १८ | का.पा. सदस्य | श्री राम एकवाल महतो | नगर कार्यपालिका | |
| १९ | का.पा. सदस्य | श्री राम नारायण राउत | नगर कार्यपालिका | रामन |
| २० | का.पा. सदस्य | श्री बिनय कुमार कर्ण | नगर कार्यपालिका | |
| २१ | प्रमुख प्रशासकीय अधिकृत | श्री राम नारायण साह | कविलासी न.पा | |

## प्रस्तावहरु

१. नवौ नगर सभाको कार्यतालिका सम्वन्धमा।

२. बस्ती एवं वडागत योजना छनौट तालिका सम्वन्धमा।

३. आयोजना तथा कार्यक्रम तर्जुमा मार्गदर्शन सम्वन्धमा।

४. बजेट तर्जुमा तथा नगर सभा सम्वन्धी छलफल कार्यक्रम सम्वन्धमा।

५. नगर सभा संचालन गर्न पेश्की दिने सम्वन्धमा।

## बैठकको निर्णय

निर्णय नं. १ : प्रस्ताब नं.१ माथि छलफल गर्दा अगामी आ.व. २०८०।०८१ को लागि बजेट तर्जुमा गरी सभामा पेश गर्न मिति २०८०।०३।१० गते विहान ८:०० बजे नबौ नगर सभा आव्हान गर्ने । सोको लागि वजेट तर्जुमा सम्बन्धी निम्न तालिका स्वीकृत गरियो ।

**आ.व. २०८०।०८१ को बजेट, योजना तथा कार्यक्रम तर्जुमा तालिका**

| | क्रियाकलाप | मिति | | समय |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| १. | राजस्व परामर्श समितिको बैठक | २०८०।०२।२४ | २०८०।०२।२५ | |
| २. | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठक | २०८०।०२।२२ | २०८०।०२।२२ | |
| ३. | वस्ती तहका योजना छनौट | २०८०।०२।२७ | २०८०।०२।२८ | |
| ४. | वडा तहमा योजना छनौट तथा प्राथमिकीकरण | २०८०।०२।२८ | २०८०।०२।२९ | |
| ५. | विषय क्षेत्रगत समितिहरुको नीति योजना तथा कार्यकम तर्जुमा | २०८०।०२।२६ | २०८०।०२।२७ | |
| ६. | बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक | २०८०।०३।०१ | २०८०।०३।०३ | |
| ७. | नगर कार्यपालिकाको बैठक | २०८०।०३।०४ | २०८०।०३।०६ | |
| ८. | नगर सभाको नवौ अधिवेशन आव्हान | २०८०।०३।१० | २०८०।०३।१० | बिहान ८:०० बजे |
| सभाको अन्य कार्यसूची सभा आफैले तय गर्ने । | | | | |

**निर्णय नं. २ :** प्रस्ताब नं.२ माथि छलफल गर्दा आगामी आ.व. २०८०।०८१ का लागि सहभागितामूलक वजेट तर्जुमा गर्न बस्ती एवं वडागत योजना छनौट गर्न निम्न तालिका वमोजिम सार्वजनिक सूचना सम्बन्धित वडा कार्यालयबाट जारी गर्ने ।

वस्ती एवं वडागत योजना छनौट तालिका

आर्थिक वर्ष २०८०।०८१

| वडा नं. | वस्ती स्तरीय योजना छनौट मिति | वडा स्तरीय योजना छनौट मिति | कैफियत |
|---|---|---|---|
| १. | २०८०।०२।२७ | २०८०।०२।२८ | |
| २. | २०८०।०२।२७ | २०८०।०२।२८ | |
| ३. | २०८०।०२।२७ | २०८०।०२।२८ | |
| ४. | २०८०।०२।२७ | २०८०।०२।२८ | |
| ५. | २०८०।०२।२७ | २०८०।०२।२८ | |
| ६. | २०८०।०२।२७ | २०८०।०२।२८ | |
| ७. | २०८०।०२।२७ | २०८०।०२।२८ | |
| ८. | २०८०।०२।२७ | २०८०।०२।२८ | |
| ९. | २०८०।०२।२७ | २०८०।०२।२८ | |
| १०. | २०८०।०२।२७ | २०८०।०२।२८ | |

**निर्णय नं. ३ :** प्रस्ताब नं.३ माथि छलफल गर्दा आगामी आ.व. २०८०।०८१ का लागि आयोजना तथा कार्यक्रम तर्जुमा गर्दा निम्न आधार तथा मार्ग दशर्न अबलम्बन गर्ने ।

योजना तर्जुमाका आधार तथा मार्ग दर्शन
आ. व. २०८०।०८१

वार्षिक योजना तथा बजेट तर्जुमाका आधारहरु

१. नेपालको संविधान
२. स्थानीय सरकार संचालन ऐन, २०७४
३. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
४. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
५. संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानून तथा मापदण्डहरु

६. स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४
७. संघीय, प्रादेशिक र स्थानीय तहको आवधिक विकास योजना
८. स्रोत साधन
९. विकासका अन्तर सम्बन्धित विपयहरु
१०. नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिबध्दाबाट सिर्जित दायित्वहरु
११. संघ र प्रदेश सरकारले अवलम्बन गरेका अन्य आर्थिक नीतिहरु ।

## वर्षिक योजना तथा बजेटका प्राथमिकताहरु

१. आर्थिक विकास तथा गरीवि निवारणमा प्रत्यक्ष योगदान पुर्याउने
२. उत्पादन मूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने
३ उधमशिलता प्रवर्धनमा टेवा पुर्याएने
४. जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने
५. स्थानीय सहभागिता जुटने, स्वयं सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने
६. स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने
७. महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने
८. लैगिक समानता स सामाजिक समावेशीकरण अभिवृद्धि हुने
९. दिगो विकास, वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुर्याउने
१०. भापिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्याउने
११. आन्तरीक राजस्व बृद्धि र परिचालनमा योगदान पुर्याउने
१२. स्थान विशेषको संस्कृति र पहिचान प्रवर्द्धन गर्ने
१३. सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुर्याउने
१४. स्थानीय तहले आवश्यक देखेका अन्य आवश्यक विपयहरु

## वार्षिक विकास योजना तर्जुमा गर्दा ध्यान दिनु पर्ने विषयहरु

१. संघ र प्रदेश सरकारको नीति, लक्ष्य, उदेश्य, समय सीमा र प्रकृयासंग अनुकूल हुने
२. आवधिक विकास योजना र मध्यमकालीन खर्च संरचना अनुसार प्राथमिकताका विपयहरु
३. वातावरण संरक्षण, जदवायु परिवर्तन अनुकूलन, विपद व्यवस्थापन
४. सुशासन, लैंगिक तथा सामाजिक समावेशीकरण र लक्षित वर्गको सशक्तिकरण गर्ने जस्ता विकासका अन्तर सम्बन्धित विपयहरु
५. समाजका सबै वर्ग, क्षेत्र र समुदायको अधिकतम सहभागिता सुनिश्चित गर्ने विपयहरु
६. अन्तर स्थानीय तहको योजना कार्यान्वयनमा सघाउ पुग्ने विपयहरु
७. विपय क्षेत्रगत तथा भौगोलिक सन्तुलन कायम गर्ने पक्षहरु
८. वडा स्तरीय आयोजना छनौट गर्दा रु १ करोडको सीमाभित्र रही आयोजना छनौट गर्ने । वडा स्तरीय प्रति योजनाको लागत कम्तीमा रु १० लाख वा सोभन्दा बढी हुनु पर्नेछ ।
९. नगर स्तरीय आयोजना छनौट गर्दा आयोजनाको लागत कम्तीमा १५ लाख वा सोभन्दा बढी हुनुपर्ने ।
१०. क्रमागत योजनाहरुलाई पूर्ण रुपमा सम्पन्न गर्ने तर्फ वजेट विनियोजन गर्ने।
११. अधुरा योजनाहरुलाई प्राथमिकतामा राखी वजेट विनियोजन गर्ने।

**बजेट तथा कार्यक्रमका चरणहरु**

१. वित्तिय हस्तान्तरणको खाका र मार्गदर्शन प्राप्ती
२. श्रोत अनुमान र कुल बजेट सीमा निर्धारण
३. बस्ती/टोल स्तरबाट योजना छनौट
४. वडा स्तरीय योजना प्राथमिकीकरण
५. एकीकृत बजेट तथा कार्यक्रम तर्जुमा
६. कार्यपालिकाबाट स्वीकृती
७. सभाबाट स्वीकृती

**निर्णय नं. ४** :प्रस्ताब नं.४ माथि छलफल गर्दा आगामी आ.व. २०८०।०८१ को वजेट तर्जुमा तथा नगर सभा सम्बन्धी छलफल गर्न नगर सभाका पदाधिकारी, सदस्यहरु बिच मिति २०८०।०२।३१ गते छलफल कार्यक्रम गर्ने ।

**निर्णय नं. ५** :प्रस्ताब नं.५ माथि छलफल गर्दा अगामी आ.व २०८०।०८१ को नगर सभा संचालनका लागि विनियोजन भएका बजेट नगर सभा संचालन गर्न पेश्की स्वरुप जिन्सी शाखा प्रमुख श्री दिपेश कुमार कुश्वाहालाइ दिने निर्णय गरियो।